# भाषा आयोग

( नेपालको संविधानको धारा २८७ अनुसार गठित )

शङ्खमूल, काठमाडौं

प.सं. ०७७/७८ मिति २०७७/११/०३

च. नं. २...५८

**विषय : म्याद थप गरिएको सूचना।**

भाषा आयोगको वार्षिक कार्यक्रम एवम् अनुसन्धानवृत्ति (व्यवस्थापन ) निर्देशिका २०७६ अनुसार स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरुलाई भाषा सम्बन्धी शोध अनुसन्धान बापत अनुसन्धानवृत्ति प्रदान गरिने प्रव्धान भए बमोजिम विश्वविधालय, सो अन्तरगतका अनुसन्धान निकाय र क्याम्पसहरुमा नियमित विद्यार्थी भई तोकिएको अध्ययन पूरा गरी अनुसन्धानको लागि विश्वविधालयको सर्त पूरा गरेका विद्यार्थीहरुले तपसिलका विषय क्षेत्रमा सम्बन्धित क्याम्पसबाट शोध प्रस्ताव स्वीकृत गराई सम्वन्धित क्याम्पस/विश्वविद्यालयको सिफारिस र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी समेत शोध प्रस्तावसाथ संलग्न राखि २०७७ माघ मसान्त सम्म यस आयोगमा पेस गर्न भनि सुचना प्रकाशन गरिएकामा तोकेको अवधि भित्र तोकेको संख्यामा शोध प्रस्ताव पेश हुन नआएको हुदाँ पुनः२०७७/११/१ देखि २०७७/११/१५ सम्म १५ दिनको म्याद थपिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ । पुनश्चःउपरोक्तानुसारको सूचना यस आयोगको वेभसाइट www.languagecomission.gov.np मा प्रकाशित गरिनुका साथै सम्वन्धित विश्वविद्यालयको ईमेल ठेगानामा mail गरी पठाईएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

**शोध अनुसन्धानका विषय क्षेत्रहरु**

(क) सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधार सम्बन्धी विषय

(ख) नेपालमा बोलिने भाषाहरुको संरक्षण, संवर्धन र विकास सम्बन्धी विषय

(ग) मातृभाषाको स्तर पहिचान र शिक्षामा प्रयोगको सम्भाव्यता सम्बन्धी विषय

(घ) मौखिक परम्परामा आधारित लोपोन्मुख भाषाहरुको संरक्षण सम्बन्धी विषय

(ङ) भाषिक अभिलेखन र विधुतीकरण सम्बन्धी विषय

(च) भाषा अनुवाद तथा विधुतीय रुपान्तरण सम्बन्धी विषय

(छ) शास्त्रीय भाषा सम्बन्धी विषय

(ज) भाषाको तुलनात्मक अध्ययन सम्बन्धी विषय

(झ) भाषा नीति र भाषा योजना सम्बन्धी विषय

(ञ) प्रायोगिक भाषा विज्ञान अध्ययन अध्यापन पाठयक्रम सम्बन्धी विषय

(ट) भाषाहरुका शब्द भण्डार, व्याकरण तथा उच्चारण पद्धति सम्बन्धी विषय

(ठ) भाषाको बैज्ञानिक सर्वेक्षण सम्बन्धी विषय

(ड) प्रविधी विकास सम्बन्धी विषय

(ढ) भाषा सम्बन्धी अन्य पक्ष

का.मु. सचिव

फोन नं. ०१-५२४२२३३, ०१-५२४२५३४, ०१-५२४२०४६, अडियो नोटिसबोर्ड नं. १६१८०७०७२४२७२ फ्याक्स नं. ०१-५२४२२३१

इमेल : languagecommission2016@gmail.com वेबसाइट : www.languagecommission.gov.np

# भाषा आयोग

( नेपालको संविधानको धारा २८७ अनुसार गठित )

शङ्खमूल, काठमाडौं


प.सं. ०७७/७८
च. नं. २८५

मिति २०७७/११/०३

भाषा आयोग शङ्खमूल, २०७२

**अनुसन्धान वृत्ति प्राप्तीका आधार र रकम:**

**१.अनुसन्धानवृत्ति प्राप्तीका अधार**:अनुसन्धानवृत्ति प्राप्त गर्न विद्यार्थीले निम्नानुसारका आधारहरु पुरा गर्नु पर्नेछ :

(क) आयोगले तोकेको विषयक्षेत्रमा शोध प्रस्ताव पेश भएको हुनु पर्ने

(ख) विश्वविद्यालयको नियमित विद्यार्थी भएको हुन पर्ने

(ग) तोकिएको अध्ययन पुरा गरी अनुसन्धानका लागि विश्वविद्यालयको सर्त पुरा गरेको हुन पर्ने

(घ) अनुसन्धानकर्ताले अध्ययन गरेको विश्वविद्यालय वा क्याम्पसवाट प्रमाणित गराई एक प्रति शोध प्रवन्ध आयोग समक्ष पेश गर्नु पर्ने ।

(ङ.) तोकिएको ढाँचामा सम्वन्धि विषयक्षेत्रको पत्रिकामा प्रकाशन गर्न योग्य लेखको रुपमा शोधको पाण्डुलिपी आयोगमा पेश गर्नु पर्नेछ ।

(च) दर्शनाचार्य विद्यावारिधिको हकमा चालु आर्थिक वर्षमा नेपालवाट उपाधि हाँसिल गरेको हुनु पर्ने छ ।

(छ) शोधार्थीले शोधको अग्र पृष्ठ र भाइवा ट्रन्सक्रिप्ट सहित निवेदन पेश गर्नु पर्ने छ । छनौटमा परेका शोधार्थीले शोध प्रवन्ध र शोध पाण्डुलिपी पेश गर्नु पर्नेछ ।

**२.अनुसन्धानवृत्ति रकम** : प्रति शोध अनुसन्धान वापत रु५००००/-(पचास हजार) अनुसन्धानवृत्ति उपलव्ध हुनेछ । सो रकम मध्ये शोध प्रवन्ध प्राप्त भएपछि शोधार्थीलाई रु.४५०००( पैंचालिस हजार) र शोध निर्देशक पारिश्रमिक वापत रु.५०००(पाच हजार) उपलव्ध गराइनेछ । नियमानुसार अनुसन्धान वृत्ति रकममा कर कट्टी हुनेछ ।

लक्ष्मीप्रसाद भट्टराई
का.मु.सचिव
का.मु. सचिव

मिति:२०७७/०९/२२


फोन नं. ०१-५२४२२३३, ०१-५२४२५३४, ०१-५२४२०४६, अडियो नोटिसबोर्ड नं. १६१८०७०७२४२७२ फ्याक्स नं. ०१-५२४२२३१

इमेल : languagecommission2016@gmail.com वेबसाइट : www.languagecommission.gov.np